STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २५ गते शुक्रबार ❑ 9 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## वर्षाका कारण बाढी, पहिरो र डुबानबाट ५१ को मृत्यु

**रासस**
**काठमाडौं, २४ असार**

मनसुनपछिको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानमा परी ५१ जनाको मृत्यु भएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार मृत्यु हुने २६ पुरुष, १५ महिला, १० बालबालिका छन् । तीमध्ये सिन्धुपाल्चोकमा पाँच, डोटीमा चार, रोल्पा, तनहुँ, दाङ, पाल्पा, दार्चुला र गोरखामा तीन/तीन, चितवन, प्युठान, धादिङ, म्याग्दी र रौतहटमा दुई/दुई र ललितपुर, मकवानपुर, सर्लाही, खोटाङ, सप्तरी, काभ्रे, सिन्धुली, जुम्ला, अर्घाखाँची, कास्की, कालिकोट, पाँचथर, बभाङ र बाजुरामा एक/एक जना रहेका छन्।

पछिल्लो २४ घण्टामा मात्रै सात जनाको मृत्यु भएको छ। प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार दार्चुलामा तीन, पाल्पामा दुई तथा तनहुँ र दाङमा एक/एक जनाको मृत्यु भएको हो। बाढीपहिरो र डुबानमा परी मनसुन अवधिको जेठ ३० पछि आजसम्म ७१ जना घाइते भएका छन् । तीमध्ये ३६ पुरुष, १९ महिला, ११ जना बालक र पाँच जना बालिका छन् । यस्तै बाढीपहिरामा परी २९ बेपत्ता छन् । तीमध्ये १९ पुरुष, ६ महिला, तीन बालक र एक बालिका रहेका छन्। बेपत्ता हुनेमा सिन्धुपाल्चोकका २०, चितवनका तीन, पर्वत र तनहुँका दुई/दुई तथा बाजुरा र बाग्लुङमा एक/एक जना छन्।। बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता बसन्तबहादुर कुँवरले जानकारी दिए।

बाढीपहिरामा परेका एक हजार २६८ जनाको विभिन्न ठाउँबाट उद्दार गरिएको छ। बाढीको कारण एक हजार ५१६ घर डुबानमा परेका र ५६४ घर, ९९ गोठ, ४२ पुल, ३ विद्यालय र १३ सरकारी कार्यालयमा क्षति पुगेको छ। एक हजार १५८ घरका पाँच हजार ४२३ व्यक्ति विस्थापित भएका छन्।

## फेवातालको 'सिल्टेसन ड्याम' बाढीले बगायो

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**



फेवातालको सिल्टेसन ड्याम खोलाले बगाएको छ । पोखराको फेवातालको सिरान भागमा पर्ने हर्पन खोला र घाँटी छिनामा निर्माण भएको सिल्टेसन ड्याममा गएरातिको पानीको वाहव बढेसंगै खोलाले बगाएको स्थानियले बताए।

फेवातालमा मिसिने नदीले बर्खायाममा बगाएर ल्याउने ढुङ्गा, बालुवालगायतका गेग्रानका कारण ताल पुरिँदै गएपछि नदीजन्य पदार्थ मिसिनबाट रोक्ने उद्देश्यले प्रदेश सरकार र महानगरको संयुक्त लगानीमा ड्याम तथा पोखरी निर्माण गरिएका थिए । पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त लगानीमा ७ करोड ८८ लाख ६२ हजार ५ सय ४१ रुपैयाको लागतमा निर्माण भएको उक्त ड्यामको करिब १० मिटरको भाग खोलाले बगाएको पोखरा महानगरापलिकाका उपमेयर मन्जुदेवि गुरुङले बताइन् । विहीबार खोलाले बगाएको ड्यामको अवलोकन गर्दै उनले जति सक्दो छिटो ड्याम निर्माण प्रकृया अघि बढाउने बताइन्। उक्त चेकड्यामको लम्बाइ १ सय मिटर, चौडाइ १ सय मिटर, उचाइ ४ मिटरको रहेको थियो। पोखरा २३ का वडा सदस्य भरतराज भण्डारीले कम गुणस्तरको मेट्रियल प्रयोग भएको, अवैज्ञानिक ढंगले ठाडो खोला हिड्ने ठाँउमा ड्याम बनाइएको र जम्मा भएको सिल्ट्रेसन अवैज्ञानिक ढंगले एका तर्फ मात्र बढी निकाल्ने गरेको कारणले गर्दा ड्याम भत्किन पुगेको दाबी गरेका छन् । उक्त सिल्टेसन ड्याम फुटेसंगै पानीको वहाव बढेकोले ठुलाखेत लगायतको बस्ती समेत जोखिम भएको स्थानिय सूर्य प्रसाद भण्डारीले बताए । ड्याम भत्किएर नदीले पूर्ववत धार परिर्वतन गरेसँगै घरहरू जोखिममा परेपछि स्थानीयवासी घर छाडेर हिँडेका थिए । फेवातालको जलाधार क्षेत्रबाट वर्षेनी एक लाख ४२ हजार मेट्रिक टन ढुङ्गा, माटो, बालुवालगायतका गेग्रान तालमा मिसिने गरेको बताइन्छ । फेवामा आउने गेग्रान रोकेर ताल संरक्षण गर्न भन्दै मुख्य नदीमा सिल्टेसन ड्याम र पोखरी निर्माण गरिएको हो।

पोखराको फेवाताल संरक्षण गर्न २८ करोड १४ लाख रुपैयाको लागतमा ४ ठाउँमा सिल्टेसन ड्याम निर्माण गरिएको छ भने गत बर्ष पछि सिल्टेसन ड्याम फुट्दा एक जनाको मुत्यु समेत भएको थियो।

फेवाताल जलाधार क्षेत्र संरक्षण कार्यक्रम अन्तर्गत पोखरा २४ स्थित बेतयनी खोला र लौरुक खोला, पोखरा २३ र २४ को अधेरी खोला तथा पोखरा २३ स्थित हर्पन खोला घाँटी छिना गरि ४ वटा आयोजना मार्फत चेकड्याम र सिल्टपोखरी निर्माण भएको हो । उक्त परियोजनामा २८ करोड १६ लाख १० हजार ९ सय ९२ रुपैयामा लगानी भएको छ।

## अर्थतन्त्रको आत्मविश्वास बढाउने मौद्रिक नीतिको तयारीमा छौँ : गभर्नर

**रासस**
**काठमाडौं, २४ असार**

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आगामी मौद्रिक नीतिका विषयमा नेपाल राष्ट्र बैंकलाई सुझाव दिएको छ । सेजनका तर्फबाट बिहीबार गभर्नर महाप्रसाद अधिकारीलाई ३५बुँदे सुझाव दिइएको छ।

सेजनले चालू आर्थिक वर्षको मौद्रिक नीति कार्यान्वयनको चरणमै कोभिड-१९ को दोस्रो लहरले अर्थतन्त्रलाई जटिल मोडको पुऱ्याएको भन्दै अर्थतन्त्रको पुनरत्थानलाई नै ध्यानमा राखेर नीति ल्याउन आग्रह गरेको छ । "चालू आवको मौद्रिक नीतिले कोरोना भाइरसबाट थलिएको अर्थतन्त्रलाई पुर्नजीवित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । राष्ट्र बैंकले लिएको नीतिका कारण अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ तर मौद्रिक नीति कार्यान्वयनको चरणमै दोस्रो लहरको कोरोना भाइरसको असर बढेपछि फेरि नेपालको अर्थतन्त्र जटिल मोडमा पुगेको छ", सेजनले भनेको छ । कोरोनाबाट प्रभावित अर्थतन्त्रको पुनरउत्थान गर्न मौद्रिक नीति सामु चुनौती थपिएको उल्लेख गर्दै सेजनले वित्तीय क्षेत्रलाई स्थायित्व दिनुपर्ने र अर्कोतर्फ राहत दिनुपर्ने परस्पर विरोधी विषयलाई सन्तुलन गर्नुपर्ने चुनौती रहेको स्मरण गराएको छ।

गभर्नर अधिकारीले सेजनले यथार्थपरक सुझाव दिएको भन्दै धन्यवाद व्यक्त गरे । उनले आगामी मौद्रिक नीतिका विषयमा विभिन्न सरोकारवालासँग राष्ट्र बैंकले छलफल गरिरहेको तथा चालू आवको मौद्रिक नीतिले उद्योगी व्यवसायीसहित आम सर्वसाधारणलाई आत्मविश्वास मर्न नदिएको उल्लेख गरे । उनले आगामी मौद्रिक नीतिले पनि उद्योगी व्यवसायीसहित आम सर्वसाधारणको आत्मविश्वास बढाउने खालको नै ल्याउने जानकारी दिए। "चालू वर्षको मौद्रिक नीतिका कारण हामीले उद्योगी व्यवसायीको आत्मविश्वास मर्न दिएनौँ । हामीले सबै सरोकारवालासँग छलफल पनि गरिसकेका छौँ । उद्योगी व्यवसायीको आत्मविश्वास बढाउन नै कोसिस गर्नेछौँ", उनले भने । सेजनका अध्यक्ष भीम गौतमले कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रलाई चलायमान बनाउने गरी मौद्रिक नीति आउने विश्वास व्यक्त गरे । सो अवसरमा डेपुटी गभर्नरद्वय बमबहादुर मिश्र र निलम ढुङ्गाना, कार्यकारी निर्देशक एवं प्रवक्ता देवकुमार ढकालगायतको उपस्थिती थियो।

## यातायात व्यवसायीद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**रासस**
**काठमाडौं, २४ असार**

यातायात व्यवसायीले कोभिड-१९ महामारीका कारण व्यवसायमा परेका समस्या समाधान गरिदिन माग गर्दै प्रधानमन्त्री केपी ओलीलाई ज्ञापनपत्र बुझाएका छन् । व्यवसायीको साझा संस्था सार्वजनिक यातायात केन्द्रीय महासङ्घले सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेर आज विभिन्न माग समेटिएको सात बुँदे ज्ञापनपत्र बुझाएको हो। व्यवसायीले यातायात क्षेत्रको १० खर्बको लगानी जोखिममा परेको झण्डै चार लाख यातायात व्यवसायी तथा स्वरोजगार व्यवसायीसहित नौ लाख मजदूर चपेटामा परेको भन्दै विभिन्न सात बुँदे माग अघि सारेको छन्।

आफूहरुका समस्याबारे प्रधानमन्त्री कार्यालयसहित सरकारका सबै निकायलाई पटकपटक ध्यानाकर्षण गराउँदासमेत समस्या समाधानको प्रयास नभएको आरोप व्यवसायीको छ। व्यवयासीले यातायात्र क्षेत्रमा कार्यरत मजदूर तथा कर्मचारीलाई तत्काल कोरोना विरुद्धको खोप लगाउनुपर्ने माग राखेका छन्। यातायात क्षेत्रलाई प्रभाव पार्ने तत्वमा शतप्रतिशत मूल्य वृद्धि हुँदासेमत विसं २०६९ यता भाडा वृद्धि नभएको र व्यवसायीले ठूलो नोक्सानी व्यहोरी रहेकाले सार्वजनिक र पर्यटन यातायाततर्फको भाडा समायोजन गरिनुपर्ने उनीहरुको माग रहेको छ।

कोरोनाका कारण बन्दाबन्दी अवधिलाई शून्य अवधि मान्दै राष्ट्र बैंकको मौद्रिक नीतिमार्फत यातायात व्यवसायीलाई थप कर्जा, पुनःकर्जा तथा ब्याजमा सहुलियत दिनुपर्ने माग पनि व्यवसायीको छ । यस्तै २० वर्षे गाडी विस्थापनसम्बन्धी सरकारी नीतिमा परिमार्जन गर्दै २५

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फुलमाया विकको घर मर्मत गर्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**



पोखरा महानगरपालिका २२ (पुम्दी भुम्दी) को विश्व शान्ति स्तुपाः क्षेत्र नजिक बुधबार पहिरोले घर भत्केको तथा पुरिएको घरको गण्डकी प्रदेश सरकारले मर्मत संहार गर्न आवश्यक पहल गर्ने भएको छ।

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङख्या मन्त्री मधुमाया अधिकारी गुरुङ, प्रदेश सांसद रामजी प्रसाद बराल जीवन सहितको टोलीले विहिबार उक्त घरको अवलोकन गर्दै घर संरक्षण तथा मर्मत गर्न आवश्यक सहयोग गर्ने बताएका हुन् । विक परिवार रातिको १ बजे करिब २ मिनेटको अन्तरालमा घर छाडे लगत्तै बाढीले घर भत्काउदै पुरेको थियो । उनको घरमा ११ जना बसोबास गर्दै आएका थिए। उनीहरुलाई हाल अस्थायी रुपमा घर नजिकको टिनको टहरोमा हाल अस्थायी रुपमा व्यबस्थापन गरिएको पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले बताए। यसैबिच मन्त्री अधिकारी सहितको टोलीले विश्व शान्ति स्तुपा क्षेत्रमा समेत यसपालीको ठुलो बर्षादले गर्दा ठाँउ ठाँउमा भासिन पुगेको तथा केही भाग चर्कीएको भागको अवलोकन समेत गरेको छ।

विश्व शान्ति स्तुप समितिका अध्यक्ष उत्तममान बुद्धचार्यले यसपालीको बर्षादले विश्वशान्ति स्तुपा क्षेत्रका तीन ठाँउमा जमिनको भाग दवेको कुनै ठाउँमा पहिरो गएको त केही ठाँउमा चर्किएकोले समयमै शान्ति स्तुपा संरक्षणको लागि प्रदेश सरकारलाई अवलोकन गर्न आव्हान गरेको उनले जनाए।

केही बर्ष अघि शान्ति स्तुपा क्षेत्रमा ठुलो पहिरो जादा स्थानिय र सरकारी निकायको सहयोगले केही बर्ष पहिरो रोकथाम भएको भए पनि हाल अन्य ठाँउमा जमिन भाषिन पुगेको उनले जनाए । बर्षादको पानीलाईं व्यबस्थापिन गर्न नसक्दा कमजोर भागमा पानी बग्दा पहिरोको जोखिम भएको सिंचाई डिभिजन कार्यालय कास्कीका प्रमुख कीरण आचार्यले बताए।

## बाढीका कारण बस्ती डुबानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**

लगातारको बाढीसँगै नहरमा अनियन्त्रित भई आएको पानीका कारण पोखरा महानगरपालिका-३२ गगनगौडा र आसपासका बस्ती डुबानमा परेका छन्।

लगातारको बाढीसँगै विजयपुर सिँचाइ आयोजना र गडुवा खोलाको पानी तथा बेगनास ताल जल उपभोक्ता संस्थाको बिसिटु सिँचाइ आयोजनाबाट अनियन्त्रित भई आएको पानी यस क्षेत्रका कालिका नगर, छुची, लामेआहाल, राधाकृष्ण टोल, बाह्रसय चौतारा, एकानब्बेको बान्नोलगायतका स्थानमा प्रत्यक्ष प्रभाव पारेको नेपाल रेडक्रस सोसाइटी पोखरा-३२ उपशाखाका सभापति किसन परियारले जानकारी दिए।

आफूहरूले यस सम्बन्धमा स्थानीय सरकारसमक्ष पनि जानकारी गराएको उनले बताए । तत्कालीन समस्याको समाधानका लागि पहल गर्दै यसको दीर्घकालीन समाधानतर्फ ध्यान दिनु अपरिहार्य भएको उनले बताए । बाढीका कारण नहरमा आएको अनियन्त्रित पानीका कारण बाह्सय चौतारा एवं नवीन टोलमाथि साविक एकानब्बेको बान्नो भन्ने स्थान नजिकै नहरको पानीले पक्की बाटो कटान गर्दै जान थालेपछि थप समस्या पर्ने देखिएको उनको भनाइ छ । उनका अनुसार बाढीका कारण स्थानीयवासीसहित शहरी स्वास्थ्य केन्द्रको भवनसमेत जोखिममा परेको छ। यस क्षेत्रमा बाढीका कारण पीडामा परेका जनताको समस्या समाधान गर्नुपर्ने जनाउँदै उनले राज्यले सञ्चालन गरेको विपद् व्यवस्थापन कोषमार्फत तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकता औल्याए। शहरी स्वास्थ्य केन्द्र भन्दा तल रहेको खुदीखोला १ नं का बस्ती पनि जोखिममा रहेका कारण सजग रहन आग्रह गरिएको छ।

नहरमा आउने पानीलाई व्यवस्थित नगरिँदा यस क्षेत्रमा सिँचाइजस्तो नभएर खहरे खोलाजस्तो बन्दा वर्षेनी समस्या बढिरहेको स्थानीयवासीको गुनासो छ। पोखरा-३२ का विभिन्न स्थानमा बाढीका कारण परिरहेको प्रभावको दीर्घकालीन समाधानका लागि वडाका तर्फबाट सम्बन्धित निकायमा पहल गरिएको वडाध्यक्ष अक्कलबहादुर कार्कीले बताए।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१



अक्सिजन प्लान्ट हस्तान्तरण : अक्सिजन प्लान्ट हस्तान्तरण गर्दै । पुरी फाउण्डेसन बेल्जियम र एनआरएन बेल्जियमको सहयोगमा बिहीबार पोखरा महानगरपालिका- ३०लेखनाथमा रहेको संक्रामक तथा सरुवा रोग अस्पताललाई २०० बेडसम्मलाई पुग्ने अक्सिजन प्लान्टसहित रु एक करोड ५० लाख बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै फाउण्डेसनका अध्यक्ष वेदराज पुरी । पोखरा महानगरपालिका र समाजसेवी अम्बिका ढकालको संयोजकत्वमा उक्त सामग्री पोखरा ल्याइएको हो । तस्वीर : राधिका कँडेल/रासस

## यातायात...

वर्ष तोक्नुपर्ने माग पनि व्यवसायीको छ। विभिन्न समयमा भएका राजनीतिक आन्दोलन आदिका कारण पूर्ण अवधि सञ्चालन हुन नसकेकाले पाँच वर्ष सञ्चाल अवधि थप गनुपर्ने तर्क व्यवसायीको छ।

यस्तै व्यवसायीले बन्दाबन्दी समयमा यातायात सञ्चालन नभएका कारण उक्त अवधिको बीमा पूर्ण समायोजन हुनुपर्नेमा बीमा कम्पनीले आफू खुशी समयावधि कायम गरेको भन्दै आपत्ति जनाएका छन् । सवारी तथा यातायात व्यवस्था ऐन, नियम, सडक कानून र सरकारले समयसमयमा परिवर्तन गरी जारी गर्ने यातायातसमबन्धी कानून आपसमा बाझिएकाले सवारी चालक अनुमतिपत्र वितरण विधि, दुर्घटना जोखिममा न्यूनीकरणमा समस्या, ट्राफिक जरिवाना र कारवाही, यात्रुबाहक र मालबाहक सवारी सञ्चालनमा अनेकौं समस्या देखिएको गुनासो वयवसायीले गरेका छन् । आव २०७८/७९ को बजेट वक्तव्यमार्फत सार्वजनिक गरिएको सवारी नवीकरणसम्बन्धी सम्पूर्ण कर र राजश्व छुट दिने व्यवस्था कार्यान्वयनका लागि सम्बन्धित निकायमा तत्काल परिपत्र जारी गर्न पनि माग गरिएको छ।

# वक्तृत्वकला प्रतियोगिताका विजयीलाई पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**

नेपाल ओलम्पिक डेका अवसरमा आयोजित प्रदेशस्तरीय मावि वक्तृत्वकला प्रतियोगिताअन्तर्गत कास्कीका विजेतालाई पुरस्कार वितरण गरिएको छ। यही असार १० देखि १२ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा कास्कीका चार प्रतियोगी विजयी भएका थिए।

प्रदेशका १० जिल्लाका १११ विद्यालयबाट सहभागी २२४ मध्ये कास्कीका चार जनाले चौथो, पाँचौं, छैटौं र नवौं स्थान प्राप्त गर्न सफल भएका थिए । प्रतियोगितामा रत्नज्योति माविकी अमृता अधिकारी चौथो, गण्डकी बोर्डिङकी आस्तिका अधिकारी पाँचौं, एसओएस हर्मनकी समीक्षा अधिकारी छैटौं र फिष्टेल एकेडेमीकी प्राप्ति लम्साल नवौं स्थान प्राप्त गर्न सफल भएका थिए।

विजेतालाई जिल्ला खेलकूद विकास समितिको आयोजनामा भएको पुरस्कार वितरण कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य कृष्ण थापाले चौथोलाई रु पाँच हजार र अरुलाई क्रमशः रु दुई हजार नगदसहित मेडल र प्रमाणपत्र प्रदान गरेका हुन् । सो अवसरमा प्रदेश खेलकूद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले खेलकूदलाई जीवनशैली बनाउन सके मात्रै सोचेजस्तै गरी खेलकूद विकास अघि बढ्ने धारणा राखे। कार्यक्रममा प्रदेश खेलकूदका कार्यकारी सदस्य दिलबहादुर गुरुङ, प्रदेश खेलकूद परिषद्का सदस्य योगेन्द्र गुरुङ, योगेन्द्र शेरचन, विष्णुमाया गुरुङ, आकृति भण्डारी, शुभकन्या गुरुङ, प्रतियोगिताका संयोजक तथा क्षेत्रीय खेलकूदका निर्देशक कृष्ण तिमिल्सिना, जिल्ला खेलकूदका उपाध्यक्ष महेन्द्र गुरुङलगायतले खेलकूदको महत्वका बारेमा विचार राख्दै विजेतालाई बधाई एवं शुभकामना व्यक्त गरेका थिए।

जिल्ला खेलकूदका अध्यक्ष तोरणबहादुर बानियाँले 'राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकूद' विषयक वक्तृत्वकला प्रतियोगिता अन्य जिल्लाका विजेतालाई सम्बन्धित जिल्ला खेलकूद विकास समितिमार्फत प्रदान गरिने जानकारी दिए । गण्डकी प्रदेश युवा तथा खेलकूद मन्त्रालयको सहयोगमा प्रदेश खेलकूद परिषद् र जिल्ला खेलकूद विकास समितिको संयुक्त आयोजनामा सम्पन्न भएको हो।

# युरोकप र कोपा अमेरिकाका खेलमा सट्टेबाजी खेलाउने पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**

युरोप र दक्षिण अमेरिकामा भइरहेको युरोकप २०२० र कोपा अमेरिकाको फुटबल खेलमा सट्टेबाजी खेलाउने एकलाई प्रहरीले मङ्गलबार पक्राउ गरेको छ।

गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले अनलाइन (भाइबर, ह्वाट्सएप) मार्फत सट्टेबाजी गराइरहेको अवस्थामा पोखरा महानगरपालिका-६ लेकसाइडस्थित एक होटलबाट पोखरा-२७ तालचोकका १८ वर्षीय सुलभ सुवेदीलाई पक्राउ गरिएको कास्की प्रहरीका प्रवक्ता प्रनाउ सुवास हमालले बुधबार जानकारी दिए । निजलाई सार्वजनिक हित स्वास्थ्य सुरक्षा सुविधा र नैतिकताविरुद्धको कसुरअन्तर्गत सट्टेबाजी गर्न नहुने कसुरमा सातदिन म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको र घटनामा संलग्न अन्य व्यक्तिको खोजतलास भइरहेको प्रहरीले जनाएको छ।

# चार जिल्लामा सञ्चार सेवा अवरुद्ध

**पोखरापत्र संवाददाता**
**वलेवा, २४ असार**

पहिराबाट फाइवरको तार चुडिँदा साविकको धवलागिरि अञ्चलका चार जिल्लामा सञ्चार सेवा अवरुद्ध भएको छ।

नेपाल टेलिकमको पोखरादेखि बागलुङ ल्याइएको फाइवरको तार पर्वतको कुश्मा नगरपालिका-७ चुवामा पहिराले चुडाइदिएको हो । तार चुडिँदा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङमा सञ्चारसेवा अवरुद्ध भएको छ । बुधबार रातिदेखि नै फाइवरमा समस्या आएपछि खोजी गर्दा तार चुडिएको भेटिएको नेपाल टेलिकम बागलुङका प्रमुख केशव शर्माले बताए । "फाइवरबाटै फोन, इन्टरनेट र टिभीसमेत चल्ने हो, एउटै तार भएकाले चुडिँदा सबै अवरुद्ध हुन्छ", शर्माले भने, "बाढी मिसिएको पहिरो बगिरहेकाले तत्काल मर्मत गर्नसमेत सकिएको छैन ।" पहिरो खसेको ठाउँमा टेलिकमले प्राविधिक पठाइसकेको जनाइएको छ । वर्षा भइरहेकाले तत्काल मर्मत असम्भव रहेको शर्माले बताए।

इन्टरनेट र टेलिफोन सेवा नचलेका कारण बिहानको समयमा मात्रै खुल्ने बैंक तथा वित्तीय संस्था प्रभावित भएका छन् । असार मसान्तको बेला भएकाले भुक्तानीका काम रोकिँदा सरकारी कार्यालयमा समेत समस्या भएको छ । निजी कम्पनीका इन्टरनेट सेवा प्रदायकको इन्टरनेटसमेत चलेको छैन। एनसेएलको मोबाइल र डाटाले भने काम गरिरहेको छ।

# पालिकाको विपद् कोषमा प्रदेश सरकारले ५ लाख दिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**

गण्डकी प्रदेश सरकारले विपद व्यवस्थापनका लागि ८५ वटै पालिकालाई ५ लाख रुपैयाँका दरले रकम पठाउने भएको छ।

बिहीबार बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता मन्त्री कुमार खड्काले बताए। स्थानीय विपद व्यवस्थापन कोषमा विपदजन्य घटनाहरुको रोकथाम, उद्धार र राहत तथा पुनर्स्थापना लगायत प्रयोजनका लागि मात्र खर्च गर्ने उक्त रकम दिन लागिएको हो। चालु आवको बजेटबाटै उक्त रकमको व्यवस्थापन गरिने छ।

अहिले बाढी पहिराको प्रकोप निकै बढेको प्रदेशले सिधै सहयोग गर्ने भन्दा पनि पालिकाबाट उद्धार तथा राहतको काम हुने भएकाले थोरै भए पनि सहयोग होस भनेर उक्त रकम दिने निर्णय गरिएको प्रवक्ता खड्काले बताए।

प्रदेशभरका जिल्लाहरुमा भएको क्षतिको विवरण संकलन गरी आवश्यकता अनुसार उद्धार, राहत तथा पुनर्स्थापना गरिने उनको भनाइ छ।

# पहिराले सिद्धार्थ राजमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असार**

अविरल वर्षासँगै आएको पहिराका कारण सिद्धार्थ राजमार्ग अवरुद्ध भएको छ।

स्याङ्जाको पुतलीबजार नगरपालिका-४ गौतमडाँडास्थित सडकभन्दा माथिबाट आएको पहिराका कारण सिद्धार्थ राजमार्गको स्याङ्जा-पोखरा सडकखण्ड बिहीबार दिउँसो सवा दुई बजेदेखि अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेन्द्रप्रसाद अधिकारीले बताए।

पूर्णरुपमा अवरुद्ध रहेको सडक खुलाउनका लागि सडक विभाग र पुतलीबजार नगरपालिकाकासँग समन्वय भइरहेको प्रवक्ता अधिकारीले बताए । सडक अवरुद्ध भएसँगै स्याङ्जादेखि पोखरा तथा पोखरादेखि स्याङ्जातर्फ आउने सवारी साधन बाटोमै रोकिएका छन्।

# नेपालमा खरीद फोनको आइएमईआई दर्ता गर्नु नपर्ने

**रासस**
**काठमाडौं, २४ असार**

नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा नै खरीद गरिएको मोबाइल फोनमा इन्टरनेशनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर( आइएमईआई) नम्बर दर्ता गर्नु नपर्ने जनाएको छ।

प्राधिकणले बुधबार एक सूचना जारी गर्दै व्यावसायिक हिसाबले नियमानुसार आयात भई नेपालमा नै खरीद भई प्रयोगमा रहेका मोबाइल सेटको पुनः आइएमईआई नम्बर दर्ता गर्नु नपर्ने जनाएको छ। मोबाइल सेटको गैरकानूनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गरी यसलाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि प्राधिकरणले साउन १ गतेदेखि मोबाइल म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गर्दैछ। 'धेरै मोबाइलका ग्राहकलाई प्रयोगमा रहेका आफ्नो सेटको आइएमईआई दर्ता गर्नुपर्ने हो की भनी भ्रम तथा अन्योल उत्पन्न भई प्राधिकरणमा सम्पर्क गर्ने क्रम बढेको छ।

प्राधिकरणको वेबसाइटमा उपलब्ध लिङ्कमा दर्ता गर्ने क्रम पनि अत्याधिक वृद्धि भई उक्त प्रणालीमा प्राविधिक समस्या उत्पन्न भई दर्ता प्रक्रियामा अवरोध भएको र सञ्चालन हुन केही समय लाग्नेछ,' जारी सूचनामा उल्लेख छ। नेपालमा मोबाइल सेट खरीद गर्दा नियमानुसार आयात भई प्राधिकरणमा आइएमईआई दर्ता भएका मोबाइल सेट खरीद गर्न तथा अनिवार्य रूपमा भ्याट बिल लिई खरीद गरी अनावश्यक झन्झट एवं अन्योलबाट मुक्त हुन अनुरोध गरेको छ । विसं २०७४ वैशाख २८ गते प्राधिकरणले अवैध मोबाइल रोक्ने प्रणाली जडान गर्न परामर्शदाता छनोटका लागि बोलपत्र आह्वान गरेको थियो। प्राधिकरणले आह्वान गरेको बोलपत्रमा आवेदन परेका १३ कम्पनीमध्येबाट २०७६ साल असारमा छनोट भएका कम्पनीले ६ महिनाभित्र उक्त सिष्टम जडान गर्नुपर्ने थियो । जसमा ओएसआई कन्सल्टिङ प्रालि भारत र नमस्ते ग्लोबल कम प्रालि सिङ्गापुरको ज्वाइन्ट भेन्चर छनोट भएको थियो । सम्झौता भएको मितिले ६ महिनाभित्र एमडिएमएस प्रणाली जडान गरेर सञ्चालन ल्याइसक्नुपर्ने भन्दै रु ८० करोड बराबरको ठेक्का दिइएको थियो । विभिन्न कारणले रोकिएको एमडिएमएस प्रणाली साउन १ गतेदेखि जडान हुँदैछ। विसं २०७३ वैशाखबाट प्राधिकरणले इन्टरनेशनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर (आइएमइआई) नम्बर 'युनिक कोड' दर्ता गर्न शुरु गरेको थियो। पहिलो चरणमा आइएमइआई नम्बर दर्ता र दोस्रोचरणमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) जडान गर्ने जनाएको थियो।








**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# पदमा हुन नसकेको सहमति

विभाजित पार्टीको अभ्यास गर्दै आएको नेकपा एमाले लाई एकताबद्ध बनाउन गठन भएको कार्यदलको बैठक १० दिनदेखि प्रगति शुन्य रहेको छ। दिनहुँजसो एमाले कार्यदलको बैठक बस्दै आएको छाऔपचारिक भन्दा अनौपचारिक बैठक बसे पनि प्रचारका लागि सकारात्मक जानकारी दिने गरेका छन । आजै सहमति हुन्छ भन्ने प्रचार भनिए पनि बैठक निष्कर्षबिहीन भएको छ । सहमतिको प्रयासस्वरुप सिंहदरबारस्थित अर्थ मन्त्रालयमा बसेको बैठक निष्कर्षविहीन बनेकका छन।

सधैं बैठक सहमति नजिक पुगेको र सकारात्मक भएको जानकारी दिने चलनलाई बैठकपछि एमाले नेता तथा कार्यदलका सदस्य घनश्याम भुसालले बैठकमा कुनै सहमति नभएको जानकारी दिए। 'हामीले १० दिनदेखि खास प्रगति गरेका छैनौं', उनले भने, '१० दिनअघि हामीले केही एजेण्डा तय गरेका थियौं । अनौपचारिक हिसावले हामीले छलफल गरेरती एजेण्डा तय भएका थिए। त्यसमा हामीले प्रगति गर्न सकेका छैनौं ।'दुई पार्टीको अभ्यास गर्दै आएका नेताहरू पार्टीलाई विभाजित हुन नदिन संवादमा बस्नु उपलब्धि हो।

एमालेलाई विभाजित हुन नदिन नेता ,कार्यकर्ता र समर्थकको ठूलो पङ्क्ति लागिरहेको छ । नेताहरूलाई उचाल्ने सानो पङ्क्तिले मात्र मिल्न नदिन अनेक आशंका गर्ने गरेको छ। दोस्रो तहका नेताहरू पार्टीलाई जोगाउन लागेका छन । विभिन्न शक्तिले नेतालाई खेलाउन खोजेको बुझेर नै सहमति जुटाउन प्रयत्नशील छन। विभिन्न कारणले सहमति हुन नसकेको भन्दै नेताहरुले शुक्रबार साढे ११ बजे पुनः बैठक बसेर सहमति जुटाउने प्रयास हुने विश्वास व्यक्त गरेका छन। बिहीबारको बैठकमा कार्यदलका सदस्य विष्णु पौडेल बैठकका सहभागी नभएका कारण बैठकका खासै छलफल समेत हुन सकेको छैन ।

नेता सुवास नेम्वाङले बैठकबाट कुनै टुंगोमा पुग्न नसकिएको स्वीकार गरेका छन । 'बैठकबाट केही टुंगोमा पुग्न सकिएको छैन भनेर कार्यकर्ता पङ्क्तिलाई यथार्थ जानकारी दिएका छन। दुई नेता वार्तामा बस्ने बित्तिकै मिलेको ठान्ने र नयाँ प्रगति भएको छैन भन्दा निराश हुने प्रबृत्ति छ। नेता नेम्वाङले शुक्रबार बस्ने बैठकले टुंगोमा पुर्याउँछ भन्नेमा हामी आशावादी छौं', भनेर आशावादी बनाउन खोजेका छन। धेरै लामो समयदेखि पार्टीभित्र समस्या रहेको भन्दै त्यसलाई मिलाइने विश्वास कार्यदलका सदस्यहरूको छ । विषयवस्तुमा प्रवेश भइ छलफल भइरहेको र भोलि टुंगोमा पुग्न प्रयास गरिने नेम्वाङले दोहोर्याएका छन । कार्यदलमा असहमति नभए पनि दुई शिर्ष नेता अध्यक्ष केपी शर्मा ओली र बरिस्ठ नेता माधवकुमार नेपालमा अविश्वास छ। नगदी पावर सेयरिङ हुनुपर्ने अडानले गर्दा वार्ताबाट सहमति अड्किएको छ। डेढ वर्ष अघि नेकपा भएको पालादेखिको एक ब्यक्ति एक पदको अडानमा सहमति नभएसम्म एमालेको एकता कायम रहन सक्दैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कोरोनाबाट ज्यान गुमाउनेको संख्या ४० लाख नाघ्यो

रासस
काठमाडौं, २४ असार

कोरोना शुरु भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या ४० लाख नाघेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार विश्वभरमा ४० लाख ९२९ जनाको मृत्यु भएको छ । विश्वभरी कूल सङ्क्रमितको संख्या १८ करोड ५० लाख २९ हजार ९६० जना रहेका छन।

विश्वभर तीन अर्ब ३२ करोड ५५ लाख ६७ हजार १३२ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

सो विश्वविद्यालयले जुलाई ८ मा प्रकाशित गरेको विवरणअनुसार कोरोनाबाट अत्यन्त प्रभावित बीस देशका सङ्क्रमित र यस सङ्क्रमणबाट ज्यान गुमाएका नागरिकको संख्या यसप्रकार रहेका छन्।

# हिंसा पीडित महिला धेरै

पोखरापत्र संवाददाता
बागलुङ, २४ असार

पछिल्लो १० वर्षको अवधिमा साविकको धौलागिरिका तीन जिल्लाका ८१४ जनाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट सेवा लिएका छन्।

धौलागिरि अस्पतालमा रहेको अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले बागलुङ, पर्वत र म्याग्दीका हिंसा पीडितका लागि सेवा उपलब्ध गराएको हो।

प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको कार्यक्रमअर्न्तगत धौलागिरि अस्पतालमा सञ्चालनमा रहेको कार्यक्रम प्रभावकारी बन्दै गएको अस्पतालले जनाएको छ। दश वर्षे अवधिमा हिंसा पीडित भएका कारण अस्पतालमा आधारित सेवा लिनेमा महिलाको सङ्ख्या बढी छ। यो अवधिमा ९८ पुरुष हिंसाको शिकार भएका छन्। बाँकी सबै महिला रहेको केन्द्र प्रमुख देवी भट्टराईले जानकारी दिनुभयो । हिंसाबाट पीडितका लागि स्वास्थ्योपचारदेखि न्यायिक उपचारसम्म केन्द्रले सुविधा उपलब्ध गराउने गरेको छ। "हामी सबै सेवा दिन्छौं, मनोपरामर्श, उपचारदेखि न्यायिक उपचारसम्म तर हिंसा पीडित अझै पनि लुकेर बस्नुभएको छ", भट्टराईले भन्नुभयो, "पहिलेको तुलनामा अहिले केही सङ्ख्या बढेको छ, तर लकडाउनमा कम आउनुभयो।"

पहिलो वर्ष २०६८ सालमा १७ जना हिंसा पीडित सङ्कट व्यवस्थापन केन्द्रमा पुगेका थिए। तीमध्ये तीन जना पुरुष थिए। चालु वर्षमा ८७ जनाले सेवा पाउँदा १७ जना पुरुष छन्। सङ्कट व्यवस्थापन केन्द्रका अनुसार हिंसाका कारण आत्महत्या गनेको तथ्याङ्क धेरै छ। पीडितमध्ये १५ देखि २९ वर्ष समूहका महिला तथा पुरुषको सङ्ख्या धेरै छ भने जन्मेदेखि १४ वर्ष उमेर समूहका नौ जना बालिका हिंसाको शिकार भएर सेवा लिएका छन्। सेवा लिनेमा बागलुङका ७७ जना, पर्वतका सात जना र म्याग्दीमा पाँच जना पीडित रहेको भट्टराईले जानकारी दिनुभयो।

# देशभर मनसुनी वायुको प्रभाव: केही क्षेत्रमा धेरै भारी वर्षाको सम्भावना

रासस
काठमाडौं, २४ असार

देशभर हाल मनसुनी वायुको प्रभावले प्रदेश नं १, वाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले जारी गरेको आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनअनुसार दिउँसो देशभर समान्यदेखि पूर्ण बदली रहनेछ। प्रदेश नं १, प्रदेश नं २, वाग्मती, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका धोरै स्थान र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, वाग्मती, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा केही स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ।

वाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ । राति लुम्बिनी, सुदूरपश्चिम प्रदेश र वाग्मती प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका एक वा दुई स्थानमा थोरै भारी वर्षाको सम्भावना रहेको छ। शुक्रबार पनि देशभर सामान्यदेखि पूर्ण बदली र ही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ वाग्मती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ भने सुदूरपश्चिम प्रदेशको एक वा दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ । काठमाडौं उपत्यकामा गए रातिदेखि नै निरन्तर वर्षा भइरहेको छ । महाशाखाको पछिल्लो विवरणमा काठमाडौंमा १६ मिलिमिटर वर्षा भएको छ । सबैभन्दा धेरै घोराहीमा १३६, ताप्लेजुङमा ५८, धनकुटामा ५० र पोखरामा ४६ मिलिमिटर वर्षा भएको छ। बिहीबार काठमाडौंको अधिकतम २९ दशमलव ५ र न्यूनतम तापक्रम २१ दशमलव २ डिग्री सेल्सियस रहेको छ।

# ऋषिङमा बाह्र घरमा क्षति

पोखरापत्र संवाददाता
तनहुँ, २४ असार

ऋषिङ गाउँपालिकामा पहिराबाट १२ घरमा क्षति पुगेको छ। पहिराले घर पुरे पनि मानवीय क्षति भने नभएको गाउँपालिका कार्यालयले जनाएको छ । ऋषिङ-५ पिपलटाका १० घरमा पहिराले क्षति पुऱ्याएको छ।

स्थानीय नेत्रबहादुर पाटा, धनबहादुर सोती, सुकबहादुर दरै, दिलबहादुर दरै, कृष्णबहादुर दरै, बुद्धिबहादुर दरै, रजनी दरै, रीता दरै, मनबहादुर दरै र जसबहादुर पाटाको घरमा क्षति भएको छ। सोही निवासी सीता केसीको घर पुरेर क्षति पुगेको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो। बाढीले करिब १० रोपनी क्षेत्रफलमा लगाइएको मकै बाली क्षति भएको उहाँले बताउनुभयो। उनीहरूको परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। ऋषिङ-४ निवासी वडा सदस्य टोलनाथ थापाको घर पहिराले पुरेको छ। घरमाथिबाट रुखसँगै पहिरो आएर घर पुरेको वडाध्यक्ष भोजराज रानाभाटले जानकारी दिनुभयो।

त्यसैगरी गत बुधबारदेखिको वर्षाका कारण तनहुँमा एकको मृत्यु भएको छ भने एक बेपत्ता भएका छन् । पहिरामा परी ऋषिङ-८ माझकोटका (गाउँपालिकामा सुरक्षा गार्डको रूपमा कार्यरत) खुमबहादुर आले पहिरामा परी बेपत्ता भएका हुन्। उहाँको खोजी तथा उद्धार भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । निजका तीन भैंसी पुरिएकामा एक भैंसीको सकुशल उद्धार गरिएको छ।

सोही वडाको गैह्रास्वरामा एक घर क्षतिग्रस्त र तल्लो छापस्थित कृति-नारायण विद्यालयको रेलिङ भत्किएर क्षति भएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो। ऋषिङ-५ राम्जाकोटमा एक घर क्षतिग्रस्त र दुई घर जोखिममा रहेका छन्। ऋषिङ-६ मा दुई घर र केही वस्तु गोठ जोखिममा छन्। ऋषिङ-४ का वडा सदस्य टोलनाथ थापाको घर र पद्मज्योति विद्यालय भवन जोखिममा छ भने गाउँपालिकाभित्रका लगभग सबै क्षेत्रमा सडक यातायात अवरूद्ध अवस्थामा छन् । थुप्रै ठाउँमा खेतबारी बगाएको र बाली नष्ट भएको गाउँपालिकाका प्रवक्ता विजय दरैले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना

जन्म : २०१७/०५/०१ गते



स्वर्गारोहण : २०७८/०३/१३ गते

**स्व. मिथिला श्रेष्ठ मल्ल**

यस सिद्धार्थ टोल विकास संस्थाका सहसचिव **मिथिला श्रेष्ठ मल्ल** को ६१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्झना माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**



# हिंसा पीडित महिला धेरै

पोखरापत्र संवाददाता
बागलुङ, २४ असार

पछिल्लो १० वर्षको अवधिमा साविकको धौलागिरिका तीन जिल्लाका ८१४ जनाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट सेवा लिएका छन्। धौलागिरि अस्पतालमा रहेको अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले बागलुङ, पर्वत र म्याग्दीका हिंसा पीडितका लागि सेवा उपलब्ध गराएको हो।

प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको कार्यक्रमअर्न्तगत धौलागिरि अस्पतालमा सञ्चालनमा रहेको कार्यक्रम प्रभावकारी बन्दै गएको अस्पतालले जनाएको छ। दश वर्षे अवधिमा हिंसा पीडित भएका कारण अस्पतालमा आधारित सेवा लिनेमा महिलाको सङ्ख्या बढी छ। यो अवधिमा ९८ पुरुष हिंसाको शिकार भएका छन्। बाँकी सबै महिला रहेको केन्द्र प्रमुख देवी भट्टराईले जानकारी दिनुभयो। हिंसाबाट पीडितका लागि स्वास्थ्योपचारदेखि न्यायिक उपचारसम्म केन्द्रले सुविधा उपलब्ध गराउने गरेको छ। "हामी सबै सेवा दिन्छौं, मनोपरामर्श, उपचारदेखि न्यायिक उपचारसम्म तर हिंसा पीडित अझै पनि लुकेर बस्नुभएको छ", भट्टराईले भन्नुभयो, "पहिलेको तुलनामा अहिले केही सङ्ख्या बढेको छ, तर लकडाउनमा कम आउनुभयो।"

पहिलो वर्ष २०६८ सालमा १७ जना हिंसा पीडित सङ्कट व्यवस्थापन केन्द्रमा पुगेका थिए। तीमध्ये तीन जना पुरुष थिए। चालु वर्षमा ८७ जनाले सेवा पाउँदा १७ जना पुरुष छन्। सङ्कट व्यवस्थापन केन्द्रका अनुसार हिंसाका कारण आत्महत्या गनेको तथ्याङ्क धेरै छ।

पीडितमध्ये १५ देखि २९ वर्ष समूहका महिला तथा पुरुषको सङ्ख्या धेरै छ भने जन्मेदेखि १४ वर्ष उमेर समूहका नौ जना बालिका हिंसाको शिकार भएर सेवा लिएका छन्। सेवा लिनेमा बागलुङका ७७ जना, पर्वतका सात जना र म्याग्दीमा पाँच जना पीडित रहेको भट्टराईले जानकारी दिनुभयो।


# पहिराले पुरिएर महिलाको मृत्यु

पोखरापत्र संवाददाता
दमौली, २४ असार

तनहुँको ऋषिङ गाउँपालिका-७ डढीवनमा पहिराले पुरिएर एक महिलाको मृत्यु भएको छ। बुधबार रातिदेखि परेको अविरल वर्षासँगै आएको पहिराले पुरिएर आज बिहान ती महिलाको मृत्यु भएको हो। मृत्यु हुनेमा अन्दाजी ५२ वर्षीया देवीसरा थापा रहेको वडा सदस्य याम सारु मगरले जानकारी दिनुभयो । घरबाट भाग्ने क्रममा माथिबाट खसेको पहिराले पुरिएर उहाँको मृत्यु भएको हो। मृतकका श्रीमान् भने भागेर ज्यान बचाउन सफल हुनुभएको छ।

"घरबाट भाग्न खोज्दा चप्पल हिलोमा गड्यो, चप्पल टिप्न खोज्दा पहिराले पुऱ्यो," उहाँले भन्नुभयो, "मृतकको शव निकाल्न सकिएको छैन।" पहिराले पुरिएर आज नै ऋषिङ गाउँपालिका-८ स्थित माझकोटका करीब ४० वर्षीय खुमबहादुर थापा बेपत्ता भएका छन्। उनको खोजी कार्य जारी छ। पहिराले डढीवनमा तीन घर क्षतिग्रस्त भएको र थुप्रै घर जोखिममा परेको नेपाल रेडक्रस सोसाइटी कोटदरवार उपशाखाका सभापति ईन्द्र आलेले जानकारी दिनुभयो । उहाँका अनुसार ऋषिङ-५ राम्जाकोटमा एक घर क्षतिग्रस्त र दुई घर जोखिममा परेको भने ऋषिङ-६ मा दुई घर र केही गोठ जोखिममा छन्।

त्यस्तै ऋषिङ-४ का वडा सदस्य टोलनाथ थापाको घर र पद्मयोति विद्यालय भवन जोखिममा परेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले वर्षासँगै आएको पहिराले गाउँपालिकाभित्रका थुप्रै ठाउँमा पहिरा गएका छन् भने बाटो अवरुद्ध भएका छन्।

तनहुँको म्याग्दे गाउँपालिका-४ मा खोलाले बगाएर आज एक जना बेपत्ता भएका छन्। सोही ठाउँका अन्दाजी ४० वर्षीय मैत नेपालीको खोलाले बगाएर बेपत्ता भएका छन्।

म्याग्दे खोला तर्ने क्रममा नेपालीलाई बगाएको स्थानीयवासी नुत्त भुजेलले जानकारी दिनुभयो। बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण बढेको खोलाले बगाएका नेपालीको खोजीकार्य जारी रहेको उहाँले बताउनुभयो। "प्रहरी र स्थानीयवासीले उहाँको खोजी शुरु गरेको छ," भुजेलले भन्नुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३ नारायणस्थान धार्मिक क्षेत्र गेट तथा सप्तधारा निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः नारायणस्थान धार्मिक क्षेत्र गेट तथा सप्तधारा निर्माण पोखरा–३
योजना सुरु मिति : २०७८/०१/२ गते
योजना सम्पन्न मिति : २०७८/०३/२४ गते
योजनाको कुल लागत : रु. १७,६४,७०५.८८।–
महानगरपालिकाबाट प्राप्त रकम : रु. १५,००,०००।–
जनसहभागिता: २,६४,७०४.८८।–
निर्माण कार्यमा खर्च भएको रकम रु. १३,७४,७०५.८८।–
निर्माण कार्यमा खर्च हुन नसकेको रकम करिब रु. ३९०,०००।–
(कोभिड–१९ को माहामारी लकडाउन र वर्षातको कारणले निर्माण कार्य पुरा हुन नसकेको व्यहोरा जानकारी गराउदछौं।)

अध्यक्षः भोलानाथ बराल, सचिवः सनकमान सि.के.,
कोषाध्यक्षः चन्द्रा कुमारी गुरुङ

**नारायणस्थान विकास निर्माण समिति पोखरा-३**

# एक घण्टाको बाटो २० मिनेटमा छोटियो

पोखरापत्र संवाददाता
म्याग्दी, २४ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका-६ पाखापानीको घोप्टेखोलामा झोलुङ्गे पुल निर्माण भएपछि एक घण्टाको बाटो २० मिनेटमा छोटिएको छ । पूर्वाधार विकास कार्यालय म्याग्दीले पाखापानीको कमनाथ र कोटगाउँको सिमाना भएर बग्ने घोप्टेखोलामाथि २६५ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेपछि यात्रा अवधि छोटिएको हो ।

कोटगाउँका रोशन पुनले भीर, जङ्गल र खोल्साको घुमाउरो र जोखिमयुक्त बाटोमा यात्रा गर्नुपने समस्या हटेको बताउनुभयो । "पहिले कोटगाउँबाट कमनाथ पुग्न एक घण्टा हिँड्नु पर्दथ्यो ", उहाँले भन्नुभयो, "पुल बनेपछि २० मिनेटमा पुगिन्छ ।" पुल निर्माण भएपछि पाखापानीको कमनाथ, कोटगाउँ, रायखोर र मुलपानीका ५०० भन्दा बढी घरधुरी लाभान्वित भएका रघुगङ्गा-६ पाखापानीका वडाध्यक्ष मनकुमार शेरपुञ्जाले बताउनुभयो । कमनाथमा रहेका वडा कार्यालय, स्वास्थ्यचौकी र अमर माविमा आउन जान स्थानीयवासीलाई सहज भएको छ । सबैभन्दा बढी सहज विद्यार्थी र ज्येष्ठ नागरिकलाई भएको छ । पुल निर्माणका लागि हिमशिखर/जयलक्ष्मी जेभीले विसं २०७६ फागुन ९ गते रु दुई करोड ६२ लाख तीन हजार ४४३ मा ठेक्का सम्झौता गरेको थियो । सिं २०७८ साउन ८ गते पुल निर्माण सम्पन्न गर्ने लक्ष्य थियो । निर्माण कम्पनीले लक्ष्यअघिनै पुल निर्माण गरेको पूर्वाधार विकास कार्यालयका प्रमुख नवराज पौडेलले बताउनुभयो । निर्माण कम्पनीका कर्मचारी बाबुराम सापकोटाले कोरोनाको जोखिम, निषेधाज्ञा र बाढी पहिरोको असहज अवस्थामा पनि लक्ष्यअघिनै पुल निर्माण गर्न सफल भएको बताउनुभयो । स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर मजदुर परिचालन र निर्माण सामग्रीको व्यवस्थापन गरेर पुल निर्माणलाई निषेधाज्ञामा निरन्तरता दिएको उहाँले बताउनुभयो । धौलागिरि सेञ्चुरी पदमार्गमा पर्ने यो पुल पर्यटनका हिसाबले पनि महत्वपूर्ण बन्ने देखिएको छ । लामो दूरीको पुल अवलोकन गर्न पर्यटक आउने सम्भावना छ । यो म्याग्दीको दोस्रो लामो पुल हो । यसअघि रघुगङ्गा-१ बेग र बादुक जोड्ने ३६५ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो ।

यसैबीच जिल्लाको मङ्गला गाउँपालिका-२ सिमलचौर र वडा नं ३ पखेरको सिमाना लुलीयाघाटमा म्याग्दी नदीमाथि पनि झोलुङ्गे पुल निर्माण भएको छ । करिब ९० मिटर लामो पुल निर्माणका लागि हिमशिखर-रामकृष्ण जेभीले रु २९ लाख २० हजार ७०९ मा ठेक्का लिएको थियो ।



सञ्चालनमा आउन नसकेको डुङ्गाः कास्की जिल्लाको रूपा गाउँपालिकामा अवस्थित रूपाताल । कोरोना भाइरस सङ्क्रमण न्यूनीकरण गर्न सरकारले जारी गरेको निषेधाज्ञा खुकुलो भए पनि डुङ्गा सञ्चालनमा आउन सकेको छैन । तस्वीर : चन्द्रकला क्षेत्री, रासस

# नासोंमा मात्रै एक अर्ब भौतिक क्षति

पोखरापत्र संवाददाता
मनाङ, २४ असार

मनाङ- अविरल वर्षापछि आएको बाढीपहिराबाट नासों गाउँपालिकामा धेरै भौतिक क्षति भएको छ । गाउँपालिकाभित्र पर्ने जलविद्युत् आयोजना र सडक भत्किँदा रु एक अर्बभन्दा बढीको भौतिक क्षति भएको छ ।

गत जेठ १४ गतेदेखि परेको वर्षाले गर्दा आएको बाढीपहिराले गाउँपालिकामा रु एक अर्ब एक करोड ८३ लाख बराबरको सार्वजनिक भौतिक संरचनामा क्षति भएको गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । गाउँपालिकामा सबैभन्दा बढी सडकमा क्षति पुगेको उहाँले बताउनुभयो । गाउँपालिकाका सूचना अधिकारी गोविन्द रानाभाटका अनुसार सडकमा मात्रै रु ८३ करोड ६५ लाख बराबरको क्षति भएको छ । नासों क्षेत्रभित्र रहेका कच्ची तथा पक्की सडकमा उक्त रकम बराबरको क्षति भएको रानाभाटलले बताउनुभयो । बाढीपहिराले गाउँपालिकाकै प्रशासनिक भवनमा रु पाँच करोड बराबरको क्षति भएको अध्यक्ष घलेले जनाउनुभयो । पालिकाअन्तर्गतका सात पुलमध्ये चार पुल बगाएको छ भने तीन पुल मात्र मर्मत गर्न सकिने अवस्थामा रहेको रानाभाटले बताउनुभयो । उहाँका अनुसार पुलमा पूर्ण तथा आशिंक गरी रु पाँच करोड २० लाख बराबरको क्षति भएको छ ।

तीन जलविद्युत् आयोजनामा रु चार करोड ५० लाख बराबरको क्षति भएको छ । यस्तै रु तीन लाख बराबरको गाउँपालिकाको एउटा मोटरसाइकल पनि बाढीले बगाएको बताइएको छ । यही असार ४ गते मर्स्याङ्दी नदीको बाढीले हिमाली जिल्ला मनाङको गाउँपालिकाको भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको हो । वडा नं २ बाहेक सबै वडामा बाढीपहिराले ठूलो क्षति पुऱ्याएको छ ।

बाढी पहिराबाट १, ३, ४, ५, ६, ७, ८ र ९ नं वडा पूर्णरूपमा क्षति भएका छन् । बाढीपहिराले ३ नं वडामा रहेका सबैभन्दा बढी भौतिक संरचनामा क्षति पुऱ्याएको छ । अध्यक्ष घलेका अनुसार १ नं वडाको तालगाउँ अहिले पूरै बगरमा परिणत भएको छ । मर्स्याङ्दीमा आएको बाढीले मनाङका विभिन्न स्थानमा ठूलो क्षति पुऱ्याएको छ । केही स्थानमा गोरेटो बाटो निर्माण गरिए पनि पुनः बाढीपहिराले लगेको छ । निरन्तरको वर्षापछि जिल्लामा पुनः जोखिम बढेको छ । बुधबार साँझ ४ः०० बजेदेखि परेको वर्षाले गर्दा मर्स्याङ्दी नदीको सतह बढेपछि जोखिम बढेको हो । नदीको सतहमाथि आएपछि सदरमुकाम चामेस्थित बस्ती कटान भएको छ । केही दिन वर्षा कम भएकाले सहज बनेको मनाङमा वर्षा भएपछि समस्या भएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो । निरन्तर वर्षा हुँदा बहाव बढेकाले नदीको धार परिवर्तन भएको स्थानमा उच्च जोखिम रहेको उहाँले बताउनुभयो । डुबानमा परेका गाउँ फेरि डुब्ने अवस्थामा पुगेको लामिछानेले जनाउनुभयो ।

सदरमुकाम चामेबाट तल्लो भाग पुनः जोखिममा पुगेको उहाँले बताउनुभयो । "नदीको बहाव बढेकाले जिल्लाका धेरै स्थानमा जोखिम बढेको छ, मनाङको तल्लो भागमा अझै उच्च जोखिम भएको छ", लामिछानेले भन्नुभयो, "सतर्कता अपनाउन सूचित गरिएको छ ।" नदी कटानले फेरि बस्तीबाट भौतिक संरचना बाढीले तान्न थालेको छ । अहिले पनि पानी पर्ने क्रम जारी रहेकाले समस्या बढ्न सक्ने देखिएको छ । बाढीपहिराले मनाङका बस्ती बगरमा परिणत भएका छन् । ती बगरमा बस्ती बसाउनसमेत लामो समय लाग्ने देखिएको छ ।

# ठूलो शालिग्राम शिला डुबानमा

रासस
पर्वत, २४ असार

केही दिनदेखिको भारी वर्षाका कारण विश्वकै ठूलो शालिग्राम शिला डुबानमा परेको छ ।

पर्वत, स्याङजा र गुल्मीको सिमानामा पर्ने सेतीवेणी अवस्थित विश्वकै ठूलो शालिग्राम शिला डुबानमा परेको हो । कालीगण्डकीमा पानीको सतह उच्च विन्दुमा पुगेपछि शिला पूर्णरूपमा डुबानमा परेको स्थानीय तिलक पराजुलीले जानकारी दिनुभएको छ । शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितसमेत विस्थापित बनेका छन् । पवित्र शालिग्राम शिला र शालिग्राम क्षेत्रका सत्तललगायतका सबै संरचना डुबाएको पराजुलीले बताउनुभयो । शिला संरक्षणका लागि बनाइएको तटबन्ध र ग्याबियन पर्खालसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जाने पूर्वाधार पनि पूर्णरूपमा क्षति पुगेको उहाँले बताउनुभयो । यही असार १ गतेको बाढीले उक्त क्षेत्रमा रहेको सेतीवेणी बजारसमेत डुबानमा परेको थियो भने नौ घर विस्थापित भएका थिए । कालीगण्डकीको बहाबले अहिले शिला र आसपासमा सत्तललगायतका संरचना डुबानमा परे पनि बजारसम्म आइनपुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले जानकारी दिनुभयो ।

कतिबेला घरसम्मै आएर डुबाउने हो भन्ने चिन्ताले स्थानीयवासी भने रातभर जाग्राम बसेका थिए । कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा सेतीवेणीबजार डुबानको खतरामा परेको हो । सेतीवेणीबजार डुबानको खतरा बढेपछि पर्वतमा पर्ने बजार र स्याङ्जातर्फको बजार क्षेत्रमा झण्डै २०० व्यापारी तथा सर्वसाधरण त्रसित बनेका हुन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ३ पालिखेचोकदेखि तेर्सापट्टीसम्म नाली निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः पालिखेचोकदेखि तेर्सापट्टीसम्म नाली निर्माण**
**स्थानः पोखरा–३**
**योजना सुरु मिति : २०७८/०२/२१ गते**
**योजना सम्पन्न मिति : २०७८/०३/१५ गते**
**योजनाको कुल लागत : रु. ९,००,१२८.१३।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ४,५०,०००।–**
**जनसहभागिताः ४,५०,०००।–**
**निर्माण कार्यमा खर्च भएको रकम रु. ६,०७,४४०।–**
**निर्माण कार्यमा खर्च हुन नसकेको रकम करिब रु. २,९२,५६०।–**
**(कोभिड–१९ को माहामारी लकडाउन र वर्षातको कारणले निर्माण कार्य पुरा हुन नसकेको व्यहोरा जानकारी गराउदछौं ।)**

अध्यक्षः राम माया द्वा, सचिवः सन्तोष बाँनिया.,
कोषाध्यक्षः नर बहादुर घर्ती

**पालिखेचोकदेखि तेर्सापट्टीसम्म नाली निर्माण समिति पोखरा-३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
२०१७/०५/०१ गते

स्वर्गारोहणः
२०७८/०३/१३ गते

स्व. मिथिला श्रेष्ठ मल्ल

यस शुभकामना महिला बिकास केन्द्रको पूर्व अध्यक्ष तथा सल्लाहकार **मिथिला श्रेष्ठ मल्ल** को ६१ वर्षाको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुमिता श्रेष्ठ
अध्यक्ष तथा

**शुभकामना महिला बिकास केन्द्र परिवार**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म :
२०१७/०५/०१ गते

स्वर्गारोहण :
२०७८/०३/१३ गते

स्व. मिथिला श्रेष्ठ मल्ल

यस रामकृष्ण टोल मिसाः पूचका सल्लाहकार सदस्य एवं अति मिलनसार, कर्तव्यनिष्ठ, सहयोगी **मिथिला श्रेष्ठ मल्ल** को ६१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

| लिला श्रेष्ठ | रेनु लिगल | भवानी माकाजू |
| --- | --- | --- |
| कोषाध्यक्ष | सचिव तथा | अध्यक्ष तथा |

**रामकृष्णटोल मिसाः पूच परिवार**
**पोखरा-४**